सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बङ्गाँडा,प्युठान

लुम्बिनी प्रदेश, नेपाल

प.सं. : ०७९।०८०

च.नं.: ३६२

मिति :२०७९/०६/०५

श्री सबै सामुदायिक विद्यालय तथा बालविकास केन्द्र,

सरुमारानी गाउँपालिका,प्युठान।

विषय : प्रस्ताव पेस गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा चालु आ.व.२०७९/०८० को लुम्बिनी प्रदेश सरकार, मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत *मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम सञ्चालन कार्यविधि,२०७८* को दफा ६ अनुसूची १ अनुसारका कार्यक्रमहरू मध्ये विद्यालयलाई अत्यावश्यक कार्यक्रममात्र इच्छुक विद्यालयहरूले यही असोज १४ गते कार्यालय समय भित्र प्रस्ताव पेस गर्न अनुरोध गरिन्छ।

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

प्रदेश सरकार
लुम्बिनी प्रदेश

☎ :९८४७९५५८२३

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

E-mail: cmedu.sudhar2078@gmail.com

(मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन तथा समन्वय इकाई)
राप्ती उपत्यका देउखुरी ,दाङ


पत्र संख्या २०७९/०८०
चलानी नं. ९३

लुम्बिनी प्रदेश मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन तथा समन्वय इकाई राप्ती उपत्यका देउखुरी दाङ

मितिः २०७९/०६/०२

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
सबै स्थानीय तहहरु (१०९ वटा)
लुम्बिनी प्रदेश नेपाल।

विषय : कार्यक्रम पहिचान तथा छनौट सम्बन्धमा ।

प्रस्तुत विषयमा लुम्बिनी प्रदेश सरकारबाट प्रत्येक स्थानीय तहलाइ विशेष अनुदान मार्फत हस्तान्तरण गरीएको चालु आ. ब. २०७९/०८० को मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमको बजेट कार्यान्वयन गर्न निर्देशक समितिको मिति २०७९/५/३१ गतेको बैठकले गरेको निर्णयअनुसार तपसिलमा उल्लेखित बजेट बाँडफाँटको सीमा भित्र रहि कार्यविधिको दफा ६ अनुसूची १ बमोजिम योजना तथा परियोजनाहरु छनौट गरी प्रत्येक स्थानीय तहहरुले असोज मसान्त भित्र अनिवार्य रुपमा जिल्ला कार्यक्रम समन्वयकर्ता मार्फत मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन तथा समन्वय इकाई राप्ती उपत्यका देउखुरी दाङमा पठाउन यो पत्र पठाइएको व्यहोरा अनुरोध छ।

तपसिलः

| क्र.स. | स्थानीय तह | पूजीगत तर्फ कूल बजेटको ६० प्रतिशत | चालुतर्फ कुल बजेटको ४० प्रतिशत | | जम्मा बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | चालु कार्यक्रम क्षमता विकास | प्रशासनिक खर्च | | |
| १ | गाउँपालिका | ३६००००० (छत्तिस लाख रुपैयाँ) | २२०००००(बाईस लाख रुपैयाँ) | २०००००(दुई लाख रुपैयाँ) | ६००००००(साठी लाख रुपैयाँ) | |
| २ | नगरपालिका | ४२००००० (बयालिस लाख रुपैयाँ) | २५५००००(पच्चिस लाख पचास हजार रुपैयाँ) | २५००००(दुई लाख पचास हजार रुपैयाँ) | ७००००००(सहतरी लाख रुपैयाँ) | |
| ३ | उप म. न. पा. | ४८०००००(अरचालिस लाख रुपैयाँ) | २९,०००००(उन्तीस लाख रुपैयाँ) | ३०००००(तीन लाख रुपैयाँ) | ८००००००(असी लाख रुपैयाँ) | |

ग्रीस पुन
कार्यक्रम निर्देशक

ग्रीस पुन
कार्यक्रम निर्देशक

बोधार्थः
१. जिल्ला समन्वयकर्ताहरु सबै १२ जिल्ला

Scanned with CamScanner

६. सञ्चालन गरिने क्रियाकलाप: (१)यस कार्यक्रमअन्तर्गत देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ ।

(क) शैक्षिक गुणस्तर सुधार सम्वन्धी क्रियाकलापहरु:

१. विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय भर्ना गराउने र विद्यालय भर्ना भएका बालबालिकाहरुलाई विद्यालय छोड्नबाट रोक्नका लागि आवश्यक क्रियाकलाप सञ्चालन गर्ने,

२. विपन्न तथा अपाङ्गता भएका विद्यार्थीहरुको विशेष आवश्यकता सम्बोधन गरी उनिहरुलाई विद्यालय छाड्न बाध्यहुने अवस्था अन्त्य गर्न उपयुक्त कार्य गर्ने,

३. विद्युतिय प्रणालीमार्फत अध्ययन अध्यापनका लागि आवश्यक पर्ने क्षमता विकास सम्वन्धी क्रियाकलाप संचालन गर्ने,

४. दरवन्दी नभएका वा कम भएका र संभावनायुक्त विद्यालयमा सांकेतिक भाषा, अन्य भाषा, संङ्गीत र खेलकुद सम्वन्धी जनशक्ति उपलब्ध गराउने,

(ख) पूर्वाधार निर्माण तथा मर्मत सम्भार सम्वन्धी क्रियाकलाप:

१. विद्यालयमा स्वच्छ,स्वस्थ खानेपानीको सुविधा उपलब्ध गराउने कार्य,

२. विद्यालयमा शौचालय निर्माण र व्यवस्थापन गर्ने कार्य,

३. विद्यालय परिसर र शौचालयको सरसफाइ सम्बन्धी कार्य,

४. विद्यायल परिसरको तारवार तथा मर्मत सम्भार सम्वन्धी कार्य,

५. विद्यालयको बगैंचा निर्माण तथा मर्मत सम्भार सम्वन्धी कार्य,

६. विद्यालय भवन र कक्षाकोठा रंगरोगन गर्ने कार्य,

७. विद्यालयमा कम्प्युटर ल्यावको व्यवस्था र इन्टरनेट सुविधा जडान कार्य,

८. चक डस्टर रहितको कक्षाकोठा व्यवस्थापन कार्य,

९. संगीत र खेलकुद सामग्री उपलब्ध गराउने कार्य ।

(२) माथी उपदफा(१) मा उल्लेखित कार्यक्रमको कार्यक्षेत्र अन्तर्गत अनुसूची १ बमोजिमको ढाँचामा आधारित परियोजनाहरु छनौट गरी सिफारिस गर्ने,

(३)कार्यक्रम छनोट समितिले परियोजना छनौट गर्दा आर्थिक लगायतका स्रोत साधन न्यून भएका, अल्पसंख्यक र आर्थिक तथा सामाजिक रुपमा विपन्न समुदाय रहेका एवं द्वन्द्व तथा विपद् प्रभावित क्षेत्रका बालबालिका अध्ययनरत रहेका विद्यालयहरुलाई प्राथमिकता दिनुपर्नेछ।

प्रमुख सचिव

Scanned with CamScanner